पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १७ गते बुधबार ❑ 30 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## कांग्रेसका विभिन्न विभागहरू सक्रिय हुँदा पार्टीलाई ऊर्जा थपेको छ – सभापति देउवा

**रासस**
काठमाडौं, १६ बैशाख

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसका विभिन्न विभागहरू सक्रिय हुँदा पार्टीमा ऊर्जा थपिएको बताउनुभएको छ । कांग्रेस पार्टीको विपन्न उत्थान समन्वय विभागद्वारा केन्द्रीय कार्यालय सानेपामा आज आयोजित विपन्न वर्गको पहिचान, उत्थान र विकास गर्न गराउन नीतिगत तथा कार्यक्रम सुझाव सहितको प्रतिवेदन हस्तान्तरण कार्यक्रममा उहाँले विभागहरूको सक्रियताले पार्टीलाई गतिशील, सशक्त र प्रभावकारी बनाएको बताउनुभयो ।

"प्रतिवेदन विपन्न लक्षित नीतिगत सुधारका लागि महत्त्वपूर्ण छ, निकै मेहनत गर्नुभएको छ, पार्टीको सबै तहका संरचना र निर्वाचित जनप्रतिनिधिलाई काम लाग्ने सुझावहरू छन्, यसलाई पार्टीले महत्त्वपूर्ण दस्तावेजका रूपमा स्वीकार गरेको छ, महत्त्वपूर्ण सुझाव छन्, भोलिका दिनमा ती सुझाव हेर्नेछौँ । केही सुझाव हेर्दा खर्चिलो पनि छन्", सभापति देउवाले भन्नुभयो । उहाँले नेपालको अर्थतन्त्रले भ्याएसम्म विभागले दिएको सुझाव कार्यान्वयन गर्न लाग्ने प्रतिबद्धता जनाउनुभयो । "विभागले दिएका अधिकांश सुझाव कार्यान्वयनमा लैजान सक्ने खालका छन्, पार्टीमा छलफल गरेर आवश्यक निर्णय गर्नेछौँ, भावी योजना तयका लागि महत्त्वपूर्ण हुनेछ", उहाँले भन्नुभयो ।

उपसभापति धनराज गुरूङले नीति तथा कार्यक्रम र बजेटको पूर्वसन्ध्यामा आएको प्रतिवेदन महत्त्वपूर्ण भएको बताउनुभयो । "गरिब र विपन्नलाई दुईचार टुक्रा जग्गा बाँड्ने गफभन्दा पनि उसको भविष्य उज्ज्वल बनाउन सक्ने गरी सीप, शक्ति र सामर्थ्य दिन सक्नुपर्छ, हामीले दिने सामाजिक भत्ता पनि वैज्ञानिक छैन, सम्पन्न र विपन्नलाई एउटै छ, सम्पन्न मानिसलाई चार हजार भत्ता दिएर विपन्नलाई न्याय गर्न सकिँदैन, अहिले कांग्रेस सरकारमा छ, विपन्नलाई समेट्ने गरी नीति बनाउनुपर्छ, शिक्षा र स्वास्थ्यमा विपन्नका समस्यालाई सम्बोधन गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो । पार्टीका महामन्त्री


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जिसस कास्कीको बित्तीय सुशासन जोखिम मूल्याङ्कनमा रूपा गाउँपालिका जिल्लामा प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



जिल्ला समन्वय समिति कास्कीको बित्तिय सुशासन जोखिम मूल्याङ्कनमा रूपा गाउँपालिका जिल्लामा प्रथम भएको छ।

जिससले मंगलबार पोखरामा एक कार्यक्रम मार्फत सार्बजनिक गरेको नतिजा अनुसार एक सय अंक भारमा रूपा गाउँपालिकाले अन्य पालिकाहरु भन्दा बढी ६८ अंक ल्याउदै प्रथम भएको हो।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन तर्फ १६.५, कार्यान्वयन क्षमता तथा व्यवस्थापन तर्फ १७.५, लेखाङ्कन तथा प्रतिवेदन तर्फ १३, अनुगमन मुल्यांकन तथा लेखापरीक्षण तर्फ ८.५ र राजस्व व्यवस्थापन तर्फ १२.५ अंक सहित ६८ अंक प्राप्त गरी कास्कीका ५ वटा पालिका मध्य प्रथम हुन सफल भएको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनु भयो । त्यसै गरी २.५ अंकले पछि पर्दा अन्नपूर्ण गाउँपालिका यस बर्ष भने दोश्रो भएको हो । अन्नपूर्ण गाउँपालिकाले ६६.५ अंक ल्याउदै दोश्रो हुँदा मादी गाउँपालिकाले ६१.५ अंक ल्याउदै तेश्रो भएको छ । त्यसै गरी पोखरा महानगरपालिका भने अन्तिमबाट दोश्रो भएको छ।

पोखरा महानगरले ४७.५ अंक ल्याउदै चौथो हुँदा माछापुच्छ्रे गाउँपालिकाले ४५ अंक सहित पाचौं अर्थात अन्तिम भएको छ । अन्नपूर्ण गाउँपालिका गत बर्ष प्रथम भएको थियो। नतिजा सार्बजनिक गरे लगत्तै कास्कीका पालिकाहरूको बित्तिय सुशासनको अबस्थामा धेरै सुधार गर्न आवश्यक भएको प्रमुख पौडेलले बताउनु भयो । आफ्ना कार्य सम्पादन गर्न पालिकाहरू थप गम्भीरतापूर्बक लाग्नुपर्ने उहाँले बताउनुभयो। बित्तीय सुशासनको बिषय पालिकाहरूले उच्च प्राथमिकतामा राख्नु पर्ने भन्दै पौडेलले पालिकाहरूमा शाखागत समन्वय थप मजबुत बनाउनु जरुरी भएको उल्लेख गर्नुभयो । कार्यक्रममा जिसस कास्कीका उप प्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नबराज बराल लगायतले आफुहरुले पालिकाको कार्य प्रगतीको आधारमा उक्त मुल्याङकन गरिएकोमा जोड दिनुभयो । कार्यक्रममा गाउँपालिकाका प्रमुख, उप प्रमुख, प्रशासकिय अधिकृत, कर्मचारी ,संचारकमी लगायतको उपस्थिति रहेको थियो।

## गण्डकी प्रदेशसभामा विभिन्न विधेयकमाथि छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

गण्डकी प्रदेशसभाको गत हिउँदे अधिवेशनमा पेस भएका विभिन्न विधेयकमाथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल जारी छ।

प्रदेशसभा बैठकमा सामान्य सैद्धान्तिक छलफलपछि दश वटा विधेयक विषयगत समितिमा हाल दफावार छलफलका क्रममा रहेका छन् । अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले आजदेखि औद्योगिक ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिमा दफावार छलफल सुरु भएको जानकारी दिनुभयो । "आजको बैठकमा सम्बन्धित मन्त्रालयका मन्त्री सचिव, विषयगत समितिका सदस्यहरूले विधेयकमाथि धारणा राख्नुभएको छ", उहाँले भन्नुभयो, "आगामी २१ गते बस्ने समितिको अर्को बैठकमा सरोकार भएका पक्षहरूसँग उक्त विधेयकबारे छलफल गर्छौं।"

सभापति अर्यालका अनुसार अर्थ तथा विकास समितिमा खानी तथा खनिज, घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक र भवन निर्माण तथा बस्ती विकाससम्बन्धी विधेयक पनि दफावार छलफलका क्रममा रहेको छ । समितिमा रहेका विधेयकमाथि निरन्तर छलफल हुने उहाँले बताउनुभयो । सामाजिक विकास तथा कृषि समितिमा छ वटा विधेयक छलफलका लागि आएको समितिका सचिव शशीधर सुवेदीले जानकारी दिनुभयो । मंगलबारगण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था बनेको विधेयकमाथि सम्बन्धित मन्त्रालयका मन्त्री, सचिव र समितिका सदस्यहरूबीच छलफल भएको उहाँले बताउनुभयो। बुधबारको बैठकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल हुने समितिले जनाएको छ । सोमबार बसेको उक्त समितिको बैठकमा गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा बनेको विधेयकमाथि विज्ञसहितले सुझाव दिएका थिए। समितिका सचिव सुवेदीका अनुसार सामाजिक विकास तथा कृषि समितिमा विद्युत् विकास, अपाङ्गता भएका व्यक्तिको अधिकार, खाद्य अधिकार तथा खाद्य गुणस्तर, जनस्वास्थ्य सेवा, मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउनेसम्बन्धी र दलित अधिकार तथा सशक्तीकरणसम्बन्धी विधेयक छलफलका क्रममा छ।

समितिमा दफावार छलफपछि विधेयकलाई प्रतिवेदनसहित प्रदेशसभा बैठकमा पेस गरिने सचिव सुवेदीले बताउनुभयो । विषयगत समिति र प्रदेशसभा बैठकमा छलफल भएपछि कानुन निर्माणको प्रक्रिया अघि बढ्ने प्रदेशसभा सचिवालयले जनाएको छ । विधेयकअधिवेशनकारूपमालिइने प्रदेशसभाको हिउँदे अधिवेशनबाट दश वटा विधेयक दफावार छलफलका लागि विषयगत समितिमा लगिएका थिए।

## सहिद र बेपत्ता व्यक्तिका परिवारका मागलाई पार्टीले गम्भीरतापूर्वक लिएको छ: अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १६ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहिद र बेपत्ता भएका परिवारका मागलाई पार्टीले गम्भीरतापूर्वक लिएको बताउनुभएको छ । मंगलबार धनगढी उपमहानगरपालिका-१८ फूलबारी डिपो बजारमा आयोजित सहिद परिवारहरूसँग भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा उहाँले सशस्त्र युद्ध सफल पार्न सहिद एवं बेपत्ता भएका व्यक्तिको महत्वपूर्ण योगदान रहेको स्मरण गर्नुभयो।

अध्यक्ष दाहालले पार्टीको केन्द्रीय समितिको निर्णयअनुसार हाल देशभर सहिद तथा बेपत्ता परिवारहरूसँग संवाद र भेटघाट गरी समस्या बुझ्ने काम भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले तपाईंहरूका पीडा बिर्सेका छैनौँ, बिर्सने पनि छैनौँ । म प्रधानमन्त्री हुँदा जनयुद्धलाई राष्ट्रिय दिवसको रूपमा घोषणा गरेका थियौँ।

## ११ हजार कलशसहितको विशाल शोभा कलश यात्रा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



पोखरा महानगरपालिका वडा नं. १७, बिरौटास्थित हरिहर मन्दिर र केही स्थानीयको जग्गामा मानव सेवा फाउण्डेशनद्वारा आयोजित गण्डकी कोटिहोम महायज्ञ अन्तर्गत मंगलबार बिहान ११ हजार कलश सहितको विशाल शोभा कलश यात्रा भव्य रूपमा सम्पन्न भएको छ।

कोटिहोम परिसरबाट सुरु भएको यो यात्रा पोखराका बिभिन्न मुख्य सडक हुदै अगाडि बढेको थियो । गंगाको जलसहित ११ हजार कलश बोकेर देशभरबाट आएका भक्तजन, साधु-सन्त, स्वयंसेवक, महिला समूह, बालबालिका र जनप्रतिनिधिको उत्साहपूर्ण सहभागिताले पोखराको वातावरण भक्तिमय बनेको थियो।कलश यात्रामा चर्चित कथा बाचिका देवी प्रतिभा ,वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तीजी सहित मुख्य पात्रहरुको सहभागिता रहेको थियो।

कलश यात्रा कार्यक्रम संयोजक दुर्गा केसीले यात्रामा जिल्ला बाहिरबाट समेत उल्लासमय सहभागिता रहेको बताउँदै सबैलाई धन्यवाद व्यक्त गरिन् । "हामीले अपेक्षा गरेभन्दा बढी सहभागिता भयो, जसले महायज्ञको महत्त्व र उत्साहलाई झल्काएको छ," उनले भनिन्।

यात्रामा समूह, भेषभूषा, अनुशासन र ब्यानरसहित सहभागी हुने समूहलाई पुरस्कारको व्यवस्था गरिएको थियो । आयोजकका अनुसार, महायज्ञ समापनपछि प्रतिकलश १ हजार ३ सयमा र दुई कलश २ हजार ५ सयमा घर लैजान सकिने व्यवस्था गरिएको छ । महायज्ञका संकल्पकर्ता वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तीजीले यो यात्राले पोखरालाई धार्मिक गन्तव्यको रूपमा थप स्थापित गरेको बताए। "यो शोभा कलश यात्रा धार्मिक, सांस्कृतिक र सामाजिक एकताको सन्देश बोकेर सम्पन्न भएको छ," उनले भने । महायज्ञ वैशाख १७ देखि जेठ २६ गतेसम्म चल्नेछ, जसमा श्रीमद्‌भागवत कथा, राम कथा, शिवमहापुराण कथा, हनुमान कथा, श्रीमददेवी भागवत कथालगायतका प्रवचन, हवन, भजन, झाँकी, देवलीला र नृत्य प्रस्तुतिहरू हुने महायग मूल आयोजक समितिका सह-निर्देशक युवक लामिछानेले बताएका छन् । राष्ट्र शान्ति, विश्व कल्याण, धार्मिक पर्यटन प्रवर्द्धन तथा असहाय बालबालिका र ज्येष्ठ नागरिक संरक्षणका लागि आयोजित यो महायज्ञमा सामाजिक सञ्जालमार्फत प्रचार गर्नेहरूलाई २५ हजारसम्मको पुरस्कार र सम्मानपत्र प्रदान गरिने महायज्ञ मुल आयोजक समितिका सह निर्देशक युवक लामिछानेले बताए।

महायज्ञले पोखराको धार्मिक र सांस्कृतिक पहिचानलाई उजागर गर्दै सामाजिक एकता र आध्यात्मिक जागरणको सन्देश प्रवाह गरेको आयोजकको दाबी छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्‌ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रथम लायन्स कप अन्तर्राष्ट्रिय भलिबलको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखरामा हुने अन्तर्राष्ट्रिय स्तरको प्रथम लायन्स कप पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम चरण पुगेको छ।

लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा वैशाख १८ गतेदेखि हुने उक्त प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ। पोखरामा पहिलो पटक इन्डोर हलमा अन्तर्राष्ट्रिय स्तरको भलिबल प्रतियोगिता हुन लागेको हो। प्रतियोगितामा दुई विदेशीसहित ६ टोलीको सहभागिता रहने लायन्सका डिष्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले जानकारी दिए।

विदेशी टोलीको रुपमा भारत र इरानका टोली छन्। स्वदेशी टिमको रुपमा तीन विभागीयसहित गण्डकी प्रदेश रहनेछ। सहभागी ६ टोलीलाई




दुई समूहमा विभाजन गरेर लिग खेल खेलाइनेछ। लिगपछि दुर्व समूहमा शीर्ष दुईमा रहने टोलीले सेमिफाइनल खेल्नेछन्। फाइनल खेल बैशाख २२ गते हुनेछ। भारतको टोलीबाहेक सबै टोली पोखरा आइसकेको अर्यालले बताए। प्रतियोगिताका खेल हेर्नका लागि पहिलो, दोस्रो र तेस्रो दिनसम्म ३ सय, चौथो दिन अर्थात सेमिफाइनल खेल हेर्न ४ सय र फाइनल खेलमा ५ सय टिकट दर तोकिएको छ। इन्डोर हलमा ३ हजार जनाले एकसाथ खेल हेर्न सकिने अर्यालले बताए। आयोजकका अनुसार इन्डोर हल व्यवस्थापन कार्य भइरहेको छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउनका लागि आवश्यक प्रकाशको प्रबन्ध मिलाउने काम गरिएको छ।

प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४४४ र उपविजेताले २ लाख ४४ हजार ४४४ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ। तेस्रो हुने टोलीले १ लाख ४४ हजार ४४४ पाउनेछ। सर्वोत्कृष्ट खेलाडीलाई १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेलाई समान ८ हजार ४४४ रुपैयाँ प्रदान गरिने डिष्ट्रिक्ट गभर्नर अर्यालले बताए।

लायन्सको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भलिबलको प्रवर्द्धन र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने लक्ष्य राखिएको अर्यालले उल्लेख गरे।

प्रतियोगिता अनुमानित बजेट ८० लाख रहेको र प्रायोजकहरु र टिकट विक्रीबाट उक्त रकम उठाउने आयोजकले जनाएको छ। लायन्स क्लबको स्थापना अन्तर्राष्ट्रियस्तरमा १०७ वर्ष र नेपालमा ५३ वर्ष पूरा भएको परिप्रेक्ष्यमा नेपालको राष्ट्रिय खेल भलिबलाई प्रवर्द्धन गर्ने उद्धेश्यले यो प्रतियोगिता आयोजना गर्न लागिएको डिष्ट्रिक्ट गभर्नर अर्यालले जानकारी दिए।

# कास्की जिल्ला खेलकुद संघलाई प्लाष्टिक बोतल विन सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखरा - पोखरामा रिसाइक्लि र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजनाले कास्की जिल्ला खेलकुद विकास समितिलाई प्लाष्टिक बोतल संकलन विन प्रदान गरेको छ।

पोखरा रंगशालाभित्र प्लाष्टिकका बोतलहरु संकलनका लागि कोइकाको आर्थिक सहयोगमा पोखरा महानगरपालिकाको समन्वयमा रंगशालामा बोतल विन हस्तान्तरण गरिएको हो।

हिमालयन लाइफ प्लाष्टिक प्रा.लिको तर्फबाट पोखरा रंगशाला फोहोर संकलनका लागि एक थान प्लाष्टिक बोतल संकलन विन हस्तान्तरण गरिएको छ। अन्य विन बन्ने क्रममा रहेकाले त्यो पनि छिट्टै प्रदान हुनेछ। हिमालयनको तर्फबाट सोर्सिङ म्यानेजर दिपशन श्रीमल र कास्की जिल्ला खेलकुद विकास




समितिको तर्फबाट अध्यक्ष मिलन गुरुङ, सचिव अञ्जु केसी र कार्यालय प्रमुख सुनबहादुर लामाले हस्तान्तरण गरेका थिए। बोतललाई पुनः प्रयोग गर्नका लागि यो योजना अघि बढेको हो। विशेषगरि प्लाष्टिकका बोतलहरु ल्याण्डफिल साइडमा नजानेगरि यो योजना अघि बढेको हो। उक्त विनमा बोतलको विर्को राख्ने र बोतल राख्ने फरक फरक रहेको छ। हिमालयनका प्लाष्टिक र युएनडिपीको तर्फबाट योन्सियो ओह र जिसिआरयु परियोजना सशी थापाको समेत सहभागिता रहेको थियो। बोतल विन उपलब्ध गराएकोमा कास्की जिल्ला विकास समितिका अध्यक्ष मिलन गुरुङले पोखरा भित्रका फोहोर संकलनका लागि गरेको सहयोगले पर्यावरणलाई समेत सफा राख्न मद्धत गर्ने सुनाए। उनले रंगशालाभित्र विभिन्न गतिविधि निरन्तर हुने र त्यहाँ प्लाष्टिक जन्य बोतलको प्रयोग र व्यवस्थापनमा समेत चुनौति रहेको समयमा बोतल विनले व्यवस्थापनमा टेवा पुग्नेमा आशावादी रहेको सुनाए। रंगशालामा एक-दुई थानले मात्र नपुग्ने भन्दै थप व्यस्थापनका लागि अन्य विन समेत ल्याउन आग्रह गरे।

# मुस्ताङमा मनाइयो याकचौरी दिवस, याकचौरी पालक किसान सम्मानित

**रासस**
मुस्ताङ, १६ बैशाख

मुस्ताङमा पहिलो पटक याकचौरी दिवस, २०८२ विभिन्न कार्यक्रमका साथ मनाइएको छ। सरकारले हिमाली क्षेत्रमापालन गरिने याकचौरी पालकको मागलाई सम्बोधन गर्दै ७ वैशाखलाई राष्ट्रिय दिवस मनाउने मान्यता दिएसँगै मुस्ताङ पनि नौ दिन ढिलोगरी याकचौरी दिवस मनाउन सुरू गरिएको हो।

मुस्ताङको थासाङ गाउँपालिका-२ घट्टेखोलामा मुस्ताङका याकचौरीपालक किसानको सङ्गठित संस्था हिमालयन चौरीपालन तथा संरक्षण समिति मुस्ताङले सोमबार जिल्लामा पहिलो पटक लोपोन्मुख हिमाली याकचौरी दिवस विभिन्न कार्यक्रम गरी मनाइएको हो। दिवसलाई भव्यतापूर्वक मनाउन थासाङको घट्टेखोलास्थित याकचौरीको रगत खाने मेलाको सन्दर्भ जोडेर विभिन्न खेलकुद तथा नृत्यलगायत कार्यक्रम समावेश गरी याकचौरी महोत्सव आयोजना गरिएको हिमालयन चौरीपालन तथा संरक्षण समिति मुस्ताङका सचिव सोजन हिराचनले जानकारी दिनुभयो।

मुस्ताङको थासाङ गाउँपालिकाको आर्थिक



सहयोगमा हिमालयन चौरीपालन तथा संरक्षण समितिले याकचौरी पालकलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रमसहित परम्परागत तारा खेल प्रतियोगिता, डोरी तान्ने खेल प्रतियोगिता र नृत्य प्रतियोगिता आयोजना भएको हिमालय चौरीपालन तथा संरक्षण समितिका सचिव हिराचनले उल्लेख गर्नुभयो। प्रथम याकचौरी दिवसका अवसरमा लगातार तीन पुस्तासम्म याकनाकपालन गर्दै आएका थासाङका कृष्णलाल भट्टचन र रमेश मगरलाई दोसल्ला ओढाएर प्रमाणपत्रले सम्मान गरिएको छ। मुस्ताङमा सदियौँकालदेखि प्रचलनमा रहेको अचम्मको याकको रगत निकाल्ने प्रथालाई जीवन्तता दिँदै आएका आम्ची चन्द्रसिंह मगर, ईन्द्रसिंह मगर, ईन्द्रसिंह शेरचन, सकेन्द्र गौचन, पूर्णप्रसाद गौचन र आम्ची निलप्रसाद गौचनलाई दोसल्ला ओढाएर प्रमाणपत्रद्वारा सम्मान गरिएको हिमालयन चौरीपालन तथा सरक्षण समिति सचिव हिराचनले बताउँनुभयो। यसैगरी मुस्ताङमा सबैभन्दा ठूलो याकपालन गर्ने उत्कृष्ट किसानमध्ये थासाङ-५ कुञ्जोका याकचौरीपालक बुद्ध गौचनलाई पनि विशेष सम्मान गरिएको छ। सम्मान उत्कृष्ट पशुपालक किसान गौचनले ८ वर्ष उमेरको जम्बोयाक पालेका छन्।

मुस्ताङमा आयोजित प्रथम याकचौरी दिवस तथा महोत्सवअन्तर्गत थासाङ गाउँपालिकाको वडास्तरीय परम्परागत तारा खेल प्रतियोगितामा लेते धम्पु प्रथम, कोवाङ दोस्रो र कुञ्जो तेस्रो भएका छन्। डोरी तान्ने प्रतियोगितामा आयोजक कोवाङ प्रथम दोस्रो स्थान टुकुचे विजेता भएका छन्। यसैगरी याकचोरी दिवसको महोत्सवमा नृत्यतर्फ आयोजक कोवाङ र दोस्रो कुञ्जो ताक्लुङ बिजेता बनेको समिति सचिव हिराचनले जानकारी दिनुभयो। यसअघि प्रथम जिल्लास्तरीय याकचौरी दिवसको थासाङ गाउँपालिका अध्यक्ष प्रदीप गौचनले उद्घाटन गर्नुभएको थियो। गाउँपालिका अध्यक्ष गौचनले हिमाली क्षेत्रमापालन गरिने याकचौरीपालन व्यवसाय सङ्कटमा पर्दै गइरहेकाले यसको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले याकचौरीको सुरक्षा दिगो उपयोगितामार्फत हिमाली क्षेत्रको खाद्य सुरक्षा, जलवायु अनुकुलन, जैविक विविधताको संरक्षण र हिमाली जीवन शैलीको सांस्कृतिक सशक्तीकरणमा योगदान पुऱ्याउने धारणा राख्नुभयो। पछिल्लो समय जलवायु सङ्कटका कारण हिमाली याकचौरीका लागि चरनक्षेत्र र खानीपानीको अभाव हुने गरेको र हिमाली उच्चलेकमा पालन गरिएका याकचौरीलाई वन्यजन्तुको जोखिम बढेको समितिका सचिव सोजन हिराचनले जानकारी दिनुभयो। मुस्ताङका पाँचवटै स्थानीय तहमा गरी चार हजार सात सयको सङ्ख्यामा याकचौरीपालन गरिएको छ। जसमध्ये मुस्ताङको थासाङमा हिमायन चौरीपालन तथा संक्षण उपसमितिका २२ घरधुरीको २२ वटा गोठमा ७ सय भन्द बढी याकचौरीपालन गरिएको छ।

# धर्म विना राजनीति हुदैनः राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाही

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखरा महानगरपालिका वडा नं. १७, बिरौटास्थित हरिहर मन्दिर को जग्गामा मानव सेवा फाउण्डेशनद्वारा आयोजित गण्डकी कोटिहोम महायज्ञ धार्मिक र सांस्कृतिक उत्सवको प्रमुख केन्द्र बन्दै आएको छ।

वैशाख ३ गते भूमिपूजन र यज्ञकुण्ड निर्माणपश्चात् चैत्र २९ गतेदेखि अनुराधा पाण्डेयद्वारा भागवत कथा प्रवचनको शुभारम्भसँगै दैनिक कथा वाचन शुरु भएको हो। हाल अन्तरराष्ट्रिय कथा वाचिका देवी प्रतिभाले बैशाख १८ गतेसम्म कथा वाचन गर्ने समय तालिका तय भएको छ, जसले भक्तजनलाई आध्यात्मिक रूपमा मन्त्रमुग्ध बनाएको छ। कार्यक्रममा आज राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता तथा संविधान सभा सदस्य ज्ञानेन्द्र शाहिको सहभागिता रहेको थियो। बिहान मात्र कलश यात्रा सम्पन्न गरी भोलि देखि सुरु हुने कोटीहोमको तयारी पुरा भएको महायग मूल आयोजक समितिले जनाएको छ। यसै बिच आज प्रवक्ता शाहिले "धर्म विना राजनीति हुँदैन। गौमाताको हत्या गर्ने हत्यारा नै हो। अब धर्म बचाए मात्र भोलि हाम्रा छोरीचेली, दिदीबहिनी बच्छन्," भने भनाई राखेका थिए। यो



भनाइले धार्मिक मूल्य र आस्थालाई सामाजिक संरक्षण र नैतिकताको आधारका रूपमा प्रस्तुत गरेको छ। राप्रपा प्रवक्ताले धर्मको नाममा अधर्म गर्नेहरूविरुद्ध कडा अडान राख्दै भने, "धर्मको नाममा कसैले अधर्म गर्छ भने ८१% हिन्दु प्रतिकार गर्न निस्किन्छौँ।" उनले थप जोड दिँदै भने, "धर्म मान्नेले पाप गर्दैन, जसले धर्म मान्दैन त्यसले भ्रष्टाचार गर्छ।" यो अभिव्यक्तिले धार्मिक आस्था र नैतिकताले व्यक्तिगत तथा सामाजिक सुशासनमा महत्त्वपूर्ण भूमिका खेल्ने सन्देश दिएको छ।

# कांग्रेसका ...

गगनकुमार थापाले नेपाली कांग्रेस पार्टीलाई विपन्न र गरिबको पार्टी हैन भन्ने आरोपलाई फरक दृष्टिकोणले हेर्नुपर्ने धारणा राख्नुभयो। "नागरिकहरू विपन्न भएसम्म पार्टी बलियो हुँदैन, विपन्नलाई हुने खाने वर्गमा बदल्ने गरी काम गर्नुपर्नेछ, विपन्नलाई माथि उठाउने हो, हाम्रो सैद्धान्तिक आधार यही हो," महामन्त्री थापाले भन्नुभयो। उहाँले मानिसलाई प्राप्त भएको राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकार आर्थिकरूपमा विपन्न भएकै आधारमा उपयोग गर्न सकिँदैन भन्नु त्यो केवल औपचारिक भएको बताउनुभयो। "हामीले सार्वभौम नागरिकको समानतामा ध्यान दिनुपर्छ, नेपालको अर्थतन्त्रको आधार भनेको ज्ञान र सीप नै हो, मानिसलाई ज्ञान र सीपयुक्त बनाउनु जरूरी छ, विपन्न लक्षित कार्यक्रममा ज्ञान सीपले दक्ष बनाउने हुनुपर्छ, सीप सूचना र प्रविधिले ल्याएको परिवर्तनसँग मेलखाने र सँगसँगै जान सक्ने खालको हुनुपर्छ", उहाँले भन्नुभयो।

महामन्त्री थापाले सङ्घ, प्रदेश र स्थानीय तहको लागि छुट्टाछुट्टै बजेट तथा कार्यक्रम बनाउनुपर्नेमा जोड दिँदै विपन्न लक्षित कार्यक्रमका बारेमा विभागले गरेको प्रस्ताव ठीक भएको प्रतिक्रिया दिनुभयो। उहाँले प्रतिवेदन पार्टीको सम्पत्ति भयो भन्दै सङ्घीय बजेटमा पर्नुपर्ने कार्यक्रमका बारेमा सुझाव पेस गर्न आग्रह गर्नुभयो। पूर्वउपसभापति विजयकुमार गच्छदारले विभागले प्रस्तुत गरेको प्रतिवेदनलाई पार्टीले पूर्ण कार्यान्वयन गर्न सक्यो भने १५/२० वर्षसम्म प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले प्रतिवेदनले कोरेका खाकालाई पछ्याउने हो भने २० वर्षमा समृद्ध नेपाल निर्माण हुने धारणा राख्नुभयो। विपन्न उत्थान समन्वय विभागका प्रमुख डाक्टर गोपाल दहिदले ११ जना सदस्य रहेको समितिले विभिन्न स्रोतबाट सङ्कलन गरेको तथ्य र तथ्याङ्कका आधारमा विपन्न उत्थानका लागि ५६ पेजको प्रतिवेदन तयार पारेको जानकारी गराउनुभयो। प्रतिवेदनमा वडा र स्थानीय तहले जमानी बसेर विपन्नलाई उद्यमशीलता र रोजगारीका लागि ऋण दिनुपर्ने प्रस्ताव समेटिएको उहाँले जानकारी गराउनुभयो।


## मजदुरको हकहित संरक्षण गरौं

- ◆ श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- ◆ दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- ◆ असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- ◆ स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- ◆ बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
- ◆ मजदुरका लागि स्वास्थ्य वीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं।

सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार।

नेपाल सरकार
विज्ञापन बोर्ड



## Teachers Wanted

A computer teacher is urgently wanted for basic level.
Contact: 9846029486
gurungsameer54@gmail.com



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल

## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि

पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# भारतीयलाई तान्नु अनावश्यक

नेपालको राजनीतिक परिवर्तनमा भारतलाई तान्ने गरिएको छ । या एकथरी हरेकमा तरहको संलग्नता चाहने र भारतीयलाई तान्ने गरिएको छ । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा.बाबुराम भट्टराईले भारत सरकारबाट नेपालका प्रतिगामी शक्तिहरूलाई उक्साउने गतिविधि नभएको बताएका छन् ।

मंगलबार भारत भ्रमणबाट स्वदेश फर्किएका डा.भट्टराईले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै भारत सरकार र भारतका मुख्य शक्तिहरूबाट यहाँको व्यवस्थालाई नै उल्ट्याउने ढंगले प्रतिगामी शक्तिहरूलाई उक्साउने गतिविधिमा नभएकुरतमै चासो भएको विषय के रहेछ भने जुन भिन्न प्रकृतिका आन्दोलन भइरहेका छन् । त्यो कतै व्यवस्थाकै विरुद्धमा जाने आन्दोलन त होइन यो यसले लोकतन्त्रलाई नै प्रतिकुल असर पर्नेगरी पछाडि फर्कने ढंगले त जाँदैन भन्ने आशङ्का चाहिँ रहेछ । हाम्रो व्यवस्था सुरक्षित छ भन्ने विश्वास गराएको छु ।'देशमा कस्तो शासन प्रणाली अपनाउने जनताको अधिकार हो । जनताको विचारको सम्मान गर्दै नयाँ नेतृत्वको सोच र विचारलाई अघि सारेको छ ।

पूर्वप्रधानमन्त्री समेत रहेका उनले नेपाल भारतको सम्बन्धको ऐतिहासिकतालाई कुनै पनि ढंगले अल्झिएर समय खेर नफाली वार्ताबाट समस्या हल गरेर जानुपर्ने सुझाव दिंदै समस्याहरू समाधान गर्न इपिजीले काम गर्न सकेको र नयाँ विधि अपनाएर समस्या समाधान गर्नुपर्ने कुरामा जोड दिएको जानकारी दिएका छन । कतिले चाहिने भन्दा बढी अर्ती दिने र केहीले बिगार्ने गरि उक्साउने गरेका छना अहिलेको अवस्था सबैले नेपाल भारत सम्बन्ध मजवुत बनाउन आ आफ्नो ठाउँबाट मेहनत गर्नुपर्नेछ ।

पूर्वप्रधानमन्त्री डा भट्टराईले भारतीय संस्थापन र राजनीतिकर्मीका भावना बुझ्रेर कामलाई प्राथमिकता दिनुपर्ने खाँचो छ । राजनीतिमा आफ्नो भुमिका र सकृयता देखाउन डाक्टर भट्टराईको भारत भ्रमणलाई लिन सकिन्छ । नेपालमा कस्तो शासन प्रणाली रहने र ढाल्ने जनताको शक्तिमा भर पर्छ । विदेशीले भनेर हुँदैन । हरेक मुद्दामा भारतलाई तान्न खोज्नु स्वाभिमानी नेपालीलाई सुहाउँदो हुदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मगरभाषा संरक्षण तालिम

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ बैशाख

बागलुङको काठेखोला गाउँपालिकाले मगरभाषा संरक्षणका लागि अभियान थालेको छ । आदिवासी जनजातीमध्येका मगर समुदायले बोल्ने मगर खाम र मगर ढुट भाषा लोप हुन थालेपछि संरक्षणका लागि प्रशिक्षण अभियान थालिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले पहिलो चरणमा काठेखोला-१ का मगर समुदायलाई एकमहिने मगर भाषा (ढुट) तालिम दिएको छ । परापूर्वकालमा मगर खाम भाषा र मगर ढुट भाषा बोल्दै आएका गाउँवासीलाई मगर ढुट भाषासम्बन्धी एकमहिना लामो प्रशिक्षण दिइएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । उहाँले काठेखोला-१ बाट थालेको मगर भाषा प्रशिक्षण तामिललाई गाउँपालिकाभर अभियानका रूपमा चलाइने बताउनुभयो । उहाँले आफ्नो भाषा संस्कृति र संस्कारलाई जोगाउनु गाउँपालिकाको कर्तव्य रहेको जनाउँदै गाउँपालिका भरका मगर समुदायलाई मगर भाषा सिकाइने बताउनुभयो । पछिल्लो समय चलनचल्तीको भाषाका रूपमा मगर ढुटलाई लिनेगरी अभियान थालिएको छ । पहिलोपटक गाउँपालिकाले करिना, धिमी र दोबिल्लाका ७५ जनालाई एकमहिने मगर भाषा प्रशिक्षण सम्पन्न गरिएको थापाको भनाइ छ । “पछिल्ला पुस्ताले मगर भाषा बोल्नै जान्दैनन्, भाषाको पुस्तान्तरण गर्न आवश्यक देखियो, त्यसैले भाषामा दखल राख्ने प्रशिक्षकले एक महिना लामो मगर भाषा प्रशिक्षण दिनुभएको छ, दोस्रो चरणमा अर्को वडामा समेत प्रशिक्षण गर्नेछौँ”, थापाले भन्नुभयो “प्रशिक्षणमा सहभागी स्थानीयले कम्तीमा मगर भाषामा सामान्य कुराकानी गर्न सिक्नुभएको छ, सिकेको भाषालाई परिवारका सदस्यलाई सिकाउन आग्रह गरिएको छ।” एक महिना लामो तालिमले मगर भाषाको विषयमा सामान्य जानकारी र कुराकानी गर्न सिकेको तालिममा सहभागी स्थानीय पूर्णबहादुर थापा मगरले बताउनुभयो । तालिममा ७५ महिला, पुरुष तथा युवा सहभागी रहेका थिए । सामान्य घरायसी कामकाजका लागि मगर भाषामा कुराकानी गर्न सक्ने भइएको भए पनि प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने स्थानीयको माग छ । गलकोट राज्यको पालामा तामाखानी खन्ने क्रममा यस वडाका मगर समुदायलाई खाम भाषा बोल्न रोक लगाइएपछि भाषा बिस्तारै लोप भएर जान किंवदन्ती रहेको काठेखोला-१ का वडाध्यक्ष खडक थापाले बताउनुभयो । यहाँका मगरहरूले गलकोट राज्यअन्तर्गत पर्ने विभिन्न खानीमा काम गर्ने र खाम भाषा बोल्ने गरे पनि अरूले खाम भाषा नबुझ्दा समस्या भएको भन्दै खानी खन्ने क्रममा खाम भाषा बोल्न नपाइने नियम लगाइएपछि मगर भाषा बिस्तारै लोप भएर जान थालेको र पछि मगर भाषा तालिम दिइएको वडाध्यक्ष थापाले बताउनुभयो । दुई पुस्तालाई एकै ठाउँमा राखेर प्रशिक्षण दिइएको थापाले बताउनुभयो । ७५ जनालाई तालिम दिइएको प्रशिक्षक तनहुँको घिरिङ निवासी दिलीप थापा मगरले बताउनुभयो । उहाँले आफूले सिकेका कुरा स्थानीयले घरमा मात्रै लागू गरेमा भाषा संरक्षणमा समस्या नहुने उहाँको भनाइ छ । एक महिना पाँच दिनसम्म सञ्चालनमा आएको तालिममा धिमिका १८, दोबिल्लाका १८ र करिनाका ३९ मगर समुदायलाई तालिम दिइएको थियो । तालिमको प्रशिक्षण खर्च रु एक लाख गाउँपालिकाले उपलब्ध गराएको र अन्य खर्च स्थानीयले गरेका थिए । तालिमपश्चात् मगर भाषामा सामान्य कुराकानी गर्न थालिसकेको वडाध्यक्ष थापाले बताउनुभयो । नेपाली मगर माषामा (ढुट, खाम, काइके र पोइके) प्रचलित भाषा हुन् ।

# गुर्जामा ‘एक घर, एक धारा’

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ बैशाख

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा ‘एक घर, एक धारा’सहितको खानेपानी आयोजना निर्माण भएको छ । धवलागिरि गाउँपालिकाले रु एक करोड ३० लाखको लागतमा निर्माण गरेको आयोजनाबाट गुर्जाका दुई सय ५२ घर, स्वास्थ्यचौकी र विद्यालयमा खानेपानीको धारा जडान भएको हो ।

धवलागिरि गाउँपालिका-१ का वडाध्यक्ष झलकबहादुर छन्त्यालले सबै घरमा निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको जानकारी दिनुभयो । “पछिल्लो दुई वटा आर्थिक वर्षमा रु एक करोड ५० लाख बजेट विनियोजन भएको योजना कार्यान्वयनका लागि फरकफरक निर्माण कम्पनीसँग रु एक करोड ३० लाखमा ठेक्का सम्झौता भएको थियो”, उहाँले भन्नुभयो, “घरघरमा धारा जडान गरेर खानेपानी वितरण भएपछि गुर्जावासीको दैनिकी सहज भएको छ ।” साउनाखोलाको मुहानमा इन्टेकबाट ६३ एमएमको तीन हजार ४८० मिटर मुख्य पाइपलाइनबाट ल्याइएको पानीलाई २५ हजार लिटर क्षमताको रिजर्भ टङ्कीमा सङ्कलन गरेर शाखा पाइपलाइनमार्फत वितरणको व्यवस्था मिलाइएको छ । खानेपानी वितरणलाई व्यवस्थित, पानीको मितव्ययी प्रयोग र आयोजनाको दीर्घकालीन सञ्चालन गर्न सबै धारामा मिटर जडान गरिएको छ । स्थानीयवासी सुकमाया छन्त्यालले घरघरमा खानेपानी आपूर्ति भएपछि समयको बचत र सरसफाइमा सहयोग पुगेको बताउनुभयो । “यसअघि गाउँभरि चार वटा सार्वजनिक धाराबाट पानी ल्याउन पालो पर्खनुपर्दथ्यो”, उहाँले भन्नुभयो “घर, घरमा पानी आउन थालेपछि हाम्रो दैनिकी फेरिएको छ।” आर्थिक वर्ष २०७९/८० मा रु ५० लाख विनियोजन भएको गुर्जा बृहत् खानेपानी योजना कार्यान्वयनका लागि बेनीको बिएण्डडी निर्माण सेवाले रु ४४ लाख ७८ हजार ११२ मा ठेक्का सम्झौता गरेको थियो । यो वर्ष मुहान, मुख्य पाइपलाइन र रिजर्भ टङ्की निर्माण भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा रु एक करोड विनियोजन भएकामा बेनीको खुसी होम विल्डर्सले रु ८५ लाख ७८ लाख ४३७ मा शाखा पाइपलाइन, धारा निर्माण र मिटर जडान भएको धवलागिरि गाउँपालिकाको पूर्वाधार शाखाका प्रमुख लोकेन्द्र रावलले बताउनुभयो ।

दुई दशकअघि आइएनएफ कार्यक्रममार्फत गुर्जामा निर्माण भएको खानेपानी आयोजनाका संरचनाहरु जीर्ण भएको थियो । सार्वजनिक धारा बन्नुअघि गुर्जावासीले कुवा र मुहानमा गएर पानी ओसार्ने गर्दथे । गुर्जा म्याग्दीका छवटा स्थानीय तहका ४५ वटा वडामध्ये हालसम्म सडक यातायातको सुविधा नपुगेको बस्ती हो । छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जा म्याग्दीको सबैभन्दा दुर्गम र विकट क्षेत्रमा अवस्थित छ ।

# गोबर र गहुँतबाट आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, १६ बैशाख

जलजला गाउँपालिकाले गण्डकी प्रदेशको धवलागिरि क्षेत्रमै पहिलोपटक स्थानीय जातका गाईको संरक्षण अभियान थालेको छ ।

स्थानीय जातका गाई र हलगोरु पाल्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाएको जलजलाले वडा नं ७ धाइरिङको लालुङमा रहेको गण्डकी गोपाल गौशालालाई व्यवस्थित बनाउँदै गाईको गहुँत र गोबरलाई प्रशोधन गरी आम्दानी गर्न थालेको छ । गौशालाबाट उत्पादन भएको मल र गहुँत ‘प्याकेजिङ’का साथै विभिन्न धार्मिक कार्यमा प्रयोग गर्न मिल्ने सामान बनाउन थालिएको हो । गौशाला सञ्चालन गर्नका लागि सहयोगदाताबाट प्राप्त जिन्सीलगायत सहयोगलाई आइतबार एक कार्यक्रमको आयोजना गरी सार्वजनिक गरिएको हो । गौशालालाई गएको कात्तिकदेखि हालसम्म विभिन्न व्यक्तिले आफ्नो र परिवारको जन्मदिन, विवाहको वर्षगाँठ, पितृ उद्धार तथा विशेष दिनको अवसर पारेर स्वऐच्छिक रूपमा गाई पालनका लागि पराल, दानालगायतका सामान दान तथा सहयोग गरेका हुन् ।

गौशालामा पालिएका गाईको गहुँतलाई प्रशोधन गरेर औषधि र धार्मिक कार्यका लागि बिक्री गर्ने र गोबरलाई प्राङ्गारिक मलका रूपमा उपयोग गर्ने योजना कार्यान्वयन गर्न थालिएको हो । गाईको गोबर प्रशोधन गरेर पूजा र सजावटका सामग्री बनाउन थालिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । गौशालाका कर्मचारी ओमबहादुर केसी र तुलसीराम आचार्यले भारतको काशीपुर पुगेर गाईको गोबरबाट सामग्री बनाउने तालिम लिएर आउनुभएको छ ।

“गोबर प्रशोधन गरेर देवीदेवताका मूर्ति, धूप, ‘इकोप्रेसर म्याट’, चप्पल, भित्ते घडीजस्ता सामान बनाउन थालेको छौँ”, कर्मचारी आचार्यले भन्नुभयो, “गौशालामा आउने भक्तजनलाई बिक्री गर्ने, रोजगारी सिर्जना र आम्दानीको स्रोतका लागि गोबरबाट पूजा र सजावटका सामग्री बनाउन थालेका हौँ ।” गहुँत प्रशोधन गर्ने उपकरणसमेत ल्याइएको उहाँले बताउनुभयो । गौशाला नजिकै रहेको धाइरिङ भूमे ठाकुरको थान, जलजला-हम्पाल क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन पहल गरिएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । “हिन्दू धर्मग्रन्थ रामायणमा उल्लेख गरिएको कालञ्जर पर्वत क्षेत्र जलजला गाउँपालिकाकै पहाड हो”, उहाँले भन्नुभयो, “यस क्षेत्रलाई कृषि र धार्मिक पर्यटनका रूपमा विकास गर्ने प्रयासमा हामी लागेका छौँ ।” विक्रम संवत् २०७२ मा समुदायको अगुवाइमा स्थापना भएको गौशालामा हाल ५८ स्थानीय जातका गाई र बाच्छाबाच्छी छन् । करिब ११ वटा गाईबाट गौशाला सुरु गरिएको कर्मचारी ओमबहादुर केसीले बताउनुभयो । “स्थानीय जातका गाई संरक्षण गरी धार्मिक र कृषि पर्यटनको विकास गर्ने उद्देश्यले गौशाला सञ्चालन गरिएको हो”, उहाँले भन्नुभयो, “गाई लोप हुन नदिनु नै गौशालाको उद्देश्य हो ।”

केसीका अनुसार स्थानीयले गौशालालाई गाईसहित प्रतिगाई बराबर रु एक लाख १० हजारले नगद पनि सहयोग गरेका छन् । स्थानीय टेकप्रसाद आचार्यले गौशालाका लागि ४० रोपनी जग्गादान गर्नुभएको थियो । दिउँसोको समयमा नजिकैको जङ्गलमा चराउन लैजाने गाई बाँध्नका लागि व्यवस्थित गोठ बनाइएको छ। बिहान-बेलुकी घाँस, पराल र दाना खुवाउने गरिएको छ । जलजला र हम्पालको राष्ट्रिय वन क्षेत्रलाई गौशालामा पालिने गाईका लागि चरन क्षेत्र बनाउन प्रस्ताव गरिएको छ ।

गाईको दाना, घाँस, पराल र तीनजना कर्मचारीको तलबका लागि वार्षिक रु २२ लाख खर्च हुने गरेको छ । गाईको महत्वका विषयमा समुदायस्तरमा सन्देश प्रवाह गराउन र गौशाला सञ्चालनका लागि आयस्रोत जुटाउन विसं २०७६ मङ्सिरमा मिलनचोकस्थित कालीगण्डकी किनारमा गौ महोत्सव आयोजना गरिएको थियो । महोत्सवमा रु तीन करोड २४ लाख सहयोग घोषणा गरिएको थियो । महोत्सवमा सङ्कलित रकमको ब्याज र दाताबाट सहयोग जुटाएर गौशाला सञ्चालन गरिएको हो । गौशालाको थप भौतिक पूर्वाधार विकासका लागि चालु आर्थिक वर्षमा समेत गाउँपालिकाबाट रु एक करोड ४५ लाख बजेट विनियोजन गरिएका छभने सङ्घीय सरकारबाट पनि रु एक करोड ४५ लाख बजेट परेको अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

# फोहरजन्य वस्तु बेचेर १४ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ बैशाख

व्यास नगरपालिकाले नकुहिने फोहर बिक्री गरेर आठ महिनाको अवधिमा रु १४ लाख आम्दानी गरेको छ । गत भदौदेखि फोहर सङ्कलन गरी व्यवस्थित कार्य थालेको यस नगरपालिकाले चैतसम्मको अवधिमा उक्त रकम आम्दानी गरेको हो ।

पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्म रूपमा वर्गीकरण गरी बिक्री गर्न थालेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालिएको नगरपालिकाको वन, वातावरण तथा सरसफाइ शाखाका प्रमुख कृष्ण घिमिरेले जानकारी दिनुभयो । “ट्रकलाई लोड पुगेपछि बिक्रीका लागि पठाउने गरिएको छ”, उहाँले भन्नुभयो, “नगरपालिका परिसरमा ‘बेलिङ’ मेसिन जडान गरी नकुहिने प्लास्टिकजन्य, फलामजन्य र कागजजन्यलाई ठूलो आकारबाट दाबेर सानो आकारमा परिणत गरी भण्डारण गर्ने गरिएको छ ।” विगत लामो समयदेखि नकुहिने फोहरलाई खाडल खनेर पुर्दै आएकामा हाल नगरपालिका कार्यालय परिसरमै व्यवस्थापन गरी बिक्रीको व्यवस्था मिलाइएको छ। उहाँका अनुसार रेडबुललगायत आल्मुनियम प्रतिकिलो रु ६०, फलाम प्रतिकिलो रु ३५, टिन रु २५, पानीको बोतल तथा अन्य बोतल रु २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कापी रु १६ र किताबको प्रतिकिलो रु १४ दररेट कायम गरिएको छ । नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएको थियो । त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशिराम गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार फोहर व्यवस्थापनका लागि नगरपालिकाको पुरानो सभाहल र बाहिरी क्षेत्रमा ट्रस निर्माण गरी फोहर वर्गीकरण गरिएको छ । फोहर राख्दा दुर्गन्ध हुन्छ भनेर विरोध गर्ने, जग्गा खरिद कार्यमा बाधा पुऱ्याउनेका लागि नगरपालिकाले सकारात्मक सन्देश दिएको उहाँले बताउनुभयो ।

“नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टनको हाराहारीमा कुहिने फोहर सङ्कलन गरिँदै आएको छ”, उहाँले भन्नुभयो, “पछिल्लो समय कबाडी सामग्रीको महत्व बुझ्न थालेपछि अन्य मानिसले पनि सङ्कलन गरी बिक्री गर्न थालेका छन् ।” कुहिने फोहरलाई व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गरिँदै आएको छ । नकुहिने फोहरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएकामा त्यहाँ पनि स्थानीयले विरोध गरेकाले जग्गा खरिद प्रक्रिया हाललाई रोकिएको छ । नगरपालिकाले सरसफाइ क्षेत्रमा लाखौँ खर्च गर्दै आएकामा अब फोहरबाट राम्रो आम्दानी गर्न थालेको नगर प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।


## पोखरा मनपा १७ नं. वडा कार्यालयको सूचना

पोखरा मनपा वडा नं. १७ आरटिओ रोड, छहारी टोल विकास संस्था अन्तर्गत बासुदेव पौडेलको नाममा हकभोग रहेको कि.न. १४८ क्षेत्रफल ९० वर्ग मि.को जग्गामा २ तले आर सिसी घर निर्माण गर्नका लागि मिति २०८१/१२/२० गते यस वडा कार्यालयमा नक्सा आवेदन दर्ता भई १५ दिने सूचना टाँस गरिएकोमा मिति २०८२/०१/१६ गते घर निर्माणको लागि साँध सधियारासहितको सर्जमिन मुचुल्का गर्नका लागि यस कार्यालयबाट डोर खटाउदा उक्त जग्गाको पूर्व कि.नं. १५९, उत्तर कि.नं. १६१ र दक्षिण कि.नं. १० को सधियारा सम्पर्कमा नआएकोले निवेदक बासुदेव पौडेलले कि.नं. १४८ को जग्गामा घर निर्माण गर्दा तपाई सधियारालाई कुनै बाधा अड्चन पर्ने भएमा यसै सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा आवश्यक प्रमाण सहित लिखित जानकारी गराउनुहुन् यो सूचना प्रकाशन गरिएको छ । अन्यथा नियमानुसार हुनेछ ।

**पोखरा मनपा**
**१७ नं. वडा कार्यालय**

# वित्तीय साक्षरतासँगै स्वरोजगार बन्नाउँदै सहकारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ बैशाख

पछिल्लो समयम सहकारी क्षेत्र बदनाम र समस्याग्रस्त बन्दै गएको अवस्थामा स्याङ्जाको एक सहकारीले शेयर सदस्यलाई वित्तीय साक्षरतासँगै स्वरोजगार बनाउने अभियान चलाएको छ । जिल्लाको अर्जुनचौपारी गाउँपालिकास्थित ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी संस्थाले उक्त अभियान चलाएको हो ।

चैत्रको दोस्रो हप्ताबाट चलेको उक्त अभियान अन्र्तगत वित्तीय साक्षरता तर्फ संस्थाले प्रदान गर्ने सेवा, बचत गर्ने बानीको विकास, शुलभ ब्याजदरमा ऋण प्रबाह, म्यादी बीमा, पशु बीमाले पुऱ्याउने फाईदा र सामाजिक साझेदारी कार्यक्रममा २१ सय बढि शेयर सदस्यलाई प्रशिक्षित बनाएको सहकारीले जनाएको छ ।



कृषिमा तरकारी खेति तर्फ ३० कृषकलाई उत्पादन र व्यवस्थापन, पशुपालनमा १० जना पशुपालक कृषकलाई नश्ल सुधार, उत्पादन बृद्धि र बजारीकरणमा सहजीकरण गर्न सहकारीले समन्वय गरेको सहकारीका प्रबन्धक शालिग्राम काफ्ले बताए । सहकारी मार्फत मौसमी तथा बेमौसमी तरकारी खेति, बाख्रा, कुखुरा, बंगुर र भैसीपालनमा ५० कृषक स्वरोजार बनेको काफ्लेले दाबी गरे । सहकारी मार्फत स्थानीय कृषकले उत्पादन गरेको तरकारी आन्तरिक रुपमा खपत हुँदै आएको प्रबन्धक काफ्लेले बताए । उनका अनुसार पालिकामा उत्पादित दुग्ध र मासुजन्य सामग्रीहरु जिल्लाका साना बजार र पोखरा तथा बुटवलका ठूला बजारमा निर्यात हुँदै आएको छ । सहकारीका १ हजार ऋणी सदस्य मध्ये झण्डै ६ सय भन्दा बढि पशुपालक कृषक आबद्ध छन् । 'आलीदेखि थालीसम्म, मत्रोदेखि कात्रोसम्म' कार्यक्रम लागु गरेको सहकारीले शेयर सदस्य सुत्केरी भएमा नगद २ हजार र मृत्यु भएमा नगद १५ हजार हस्तान्तरण गर्दै आएको छ । चालु वर्षमा बाढिपहिरो पिडीत ४ घरपरिवारलाई त्रिपाल, लत्ताकपडा वितरण गरेको सहकारीले शेयर सदस्यका बालबालिका अध्ययन गर्ने २ विद्यालयलाई ३ लाख बराबरको फर्निचर सामग्री हस्तारण गरेको छ । अर्जुनचौपार पालिका भित्र कार्य क्षेत्र रहेको सहकारी आर्थिक वर्ष २०६८/०६९ मा नोक्सानमा थियो । सहकारीको तथ्याङ्क अनुसार पछिल्लो वर्ष २०८०/०८१ मा ४ करोड बराबरको जगेडाकोष समेत बनेको छ । ३४ सय ८४ घरधुरी रहेको पालिकाका सहकारीमा १२ वटा अन्तरसमूह अर्न्तगत १ हजार ६ सय महिला र ९ सय पुरुष गरी झण्डै २५ सय शेयर सदस्य छन् । पालिकामा रहेका १८ क्रियाशिल सहकारी मध्ये उत्कृष्ट ग्रामीण स्वावलम्बन सहकारीको शेयर पुँजी २ करोड रहेको छ ।

२५ करोड कर्जा प्रबाह गरेको सहकारीमा १५ करोड ५० लाख बचत र ६ करोड बाह्यि ऋण रहेको सहकारीका अध्यक्ष बोध नारायण रेग्मीले बताए । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी महासंघले ६८ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा सात प्रदेशका उत्कृष्ट सात सहकारी मध्ये गण्डकी प्रदेशबाट छनौट भएको ग्रामीण स्वावलम्बन सहकारीले अर्जुनचौपारीलाई तरकारी, मासु, दुध र खाद्यान्नमा आत्मनिर्भर बनाउने अभियान समेत संचालन गर्ने तयारी गरेको छ ।

# तनहुँको छिम्केश्वरीमा मोनोरेलको सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
दमौली, १६ बैशाख

जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको पर्यटकीय स्थल छिम्केश्वरीमा मोनोरेलको सम्भाव्यता अध्ययन थालिएको छ । छम्केश्वरी पर्यटन विकास समितिको नेतृत्वमा आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरीमा मोनोरेलको सम्भाव्यता अध्ययन सुरु गरिएको हो ।

काठमाडौँस्थित केडी मेटल वर्कसपका इन्जिनियरको सहभागितामा आजदेखि अध्ययन सुरु गरिएको समितिका अध्यक्ष कृष्णमान तामाङले जानकारी दिनुभयो । समुन्द्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरीमा मोनोरेल सञ्चालन गर्न सकिए प्रदेशकै उत्कृष्ट गन्तव्यस्थल बनाउन सकिने उहाँको भनाइ छ । छिम्केश्वरी माई मन्दिरको दर्शनका लागि आउने अशक्त, अपाङ्गता, वृद्धवृद्धालाई लक्षित गरी ठूल्दुङ्गाबाट मन्दिरसम्म छ सय मिटर दूरीको मोनोरेल सञ्चालन गर्ने लक्ष्य लिइएको तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो चरणमा नापजाँच सुरु गरिएको छ । लागतसहितको प्रतिवेदन एक हप्ताभित्र आइपुग्छ । त्यसपश्चात् थप प्रक्रिया अगाडि बढाउँछौं ।"

छिम्केश्वरीमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेको तथ्याङ्क छ । छिम्केश्वरीमा पर्यटकीय पूर्वाधार निर्माण गरेर धेरै पर्यटक भित्र्याउने लक्ष्य राखिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामी छिम्केश्वरीको एकीकृत पर्यटकीय विकासमा जुटेका छौँ । त्यसका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर अगाडि बढ्छौँ ।" गाउँपालिकाले छिम्केश्वरीमा पूर्वाधार निर्माण गरेर समग्र गाउँपालिकाको विकासको योजना अगाडि बढाएको चुमानको भनाइ छ ।

छिम्केश्वरीमा सडक असुविधा, खानेपानी अभाव, विद्युत् समस्या, मोबाइल नेटवर्क र टावर व्यवस्थापनलगायत समस्या रहेकाले त्यसको क्रमशः निराकरण हुँदै जाने उहाँले बताउनुभयो । सडक सञ्जाल स्तरोन्नतिका क्रममा रहेको भन्दै चुमानले खानेपानीको बजेट स्रोत भएर विस्तृत परियोजना प्रतिवेदन गरेर ठेक्का लगाउन बाँकी रहेको जानकारी दिनुभयो । छिम्केश्वरीमा पानीको अभाव हुँदा विकास निर्माणमा बाधा पुग्दै आएको छ । खानेपानी सुविधाका लागि खानेपानी मन्त्रालयबाट बजेट विनियोजन भई विस्तृत परियोजना प्रतिवेदनको चरणमा रहेको चुमानको भनाइ छ । उहाँले भन्नुभयो, "वडा नं ४, ५ र ६ लाई समेटेर एकीकृत छिम्केश्वरी खानेपानी आयोजना अगाडि बढाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) भइरहेको छ । डिपिआर सकिएपछि मन्त्रालयबाट ठेक्का आह्वान हुनेछ ।" उहाँका अनुसार खानेपानीका लागि करिब रु १० करोड लाग्ने अनुमान छ ।

विशेषगरी यहाँ फागुपूर्णिमा, वैशाख १ गतेको नयाँ वर्षलगायत बेला यहाँ पर्यटकको ठूलो भीड लाग्ने गरेको छ । त्यसका अलवा दैनिक रुपमा पनि यहाँ पर्यटकको आगमन बढिरहेको छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष तामाङले जानकारी दिनुभयो ।

उहाँका अनुसार आँबुखैरेनी गाउँपालिकाले छिम्केश्वरीमा रहेको छिम्केश्वरी मन्दिर जीर्णोद्वार गरिसकेको छ । यसअघि रहेको पुरानो मन्दिरलाई जीर्णोद्वार गरी मन्दिरलाई आकर्षक बनाइएको छ । मन्दिरमा पित्तलको छानो राखिएको छ । गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक जनविश्वास रहिआएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई यहाँ अवस्थित छन् भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोहीस्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल आँखै अगाडि हेर्न सकिन्छ। छिम्केश्वरी मन्दिर पुग्न गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण भइसकेको छ । आर्थिक वर्ष २०७५/७६ मा रु ४१ लाख ६३ हजार ७०६ को लागतमा चार सय ८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न भएको छ भने आव २०७६/७७ मा रु ३५ लाख ९९ हजार १४१ को लागतमा तीन सय पाँच मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ ।

# गर्मी छल्न लेकमा सार्न थालियो पशुगोठ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ बैशाख

म्याग्दीका घुम्ती पशुगोठ हिमाली भेगका लेकतर्फ सार्न थालिएको छ । हिउँदयाममा चिसो छल्न र आहाराका लागि बैंसीका फाँटमा ल्याइएका भेडाबाख्रा र गाईभैंसीका गोठ लेकतर्फ लैजान थालिएको हो ।

धवलागिरि गाउँपालिका-१ गुर्जाका किसान नरबहादुर छन्त्यालले बैंसीबाट उकालो लागेका गोठ साउनमा हिमालको फेदीका बुकी पाटनमा पुऱ्याउने र असोजमा बैंसी झार्ने चलन रहेको बताउनुभयो । "बेशीका फाँटमा बर्खेबाली लगाएपछि हप्ता/दश दिनको अन्तरमा घुम्ती गोठ सार्दै हिमालतिर जान्छौँ," उहाँले भन्नुभयो "पाँच हजार मिटर उचाईको बुकी पाटनमा बर्खामा पोषिलो घाँस खुवाएर चिसो बढ्न थालेपछि गोठ बैंसी झार्ने गर्छौं ।"

छन्त्यालसहित तीन वटा गाईभैंसीको गोठ गुर्जाको लाछाबाङदेखि बुकीमा लैजान लत्रबाङको खर्कमा घुम्ती गोठमा राखिएका छन् । गोठालाले गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ भने लेकका चरन क्षेत्रलाई बुकी पाटन । खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्साएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ ।

ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र धौलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ । हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ्य, बलिया र दूधालु हुने धवलागिरि गाउँपालिका-३ मुनाका लीलबहादुर पुनले बताउनुभयो।धवलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पाल्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम, ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले लेकतर्फ लैजानुअघि पशुलाई महामारीविरुद्धको खोप लगाइएको जानकारी दिनुभयो । खोरेत, पिपिआर, भ्यागुते, चरचरे र रेविज रोगबाट पशुलाई बचाउन गण्डकी प्रदेशको पशुमा पूर्ण खोप कार्यक्रममार्फत निःशुल्क खोप लगाइएको उहाँले बताउनुभयो । प्रदेश सरकार र स्थानीय तहले घुम्ती गोठ निर्माण गर्न अनुदानका लागि बजेट विनियोजन गरे पनि नीतिगत समस्याका कारण किसानले सुविधा पाउन सकेका छैनन् । लेकाली क्षेत्रमा व्यक्तिगत जग्गा नभएको र सार्वजनिक जग्गामा संरचना बनाउँदा हुने खर्चलाई महालेखापरीक्षक तथा अख्तियार आकर्षित हुने हुँदा बजेट परिचालन हुन नसकेको धवलागिरि गाउँपालिका-३ का वडा अध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो । बैंसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ । युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको रघुगङ्गा गाउँपालिका-२ भगवतीका नन्दबहादुर भण्डारीले बताउनुभयो ।

# जन्मदिनमा पोखरा वृद्धाश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पछिल्लो दिनमा सय जन्मदिन तड्कभड्क भन्दा सामाजिक संघसंस्थालाई आर्थिक सहयोग गरेर मनाउने प्रचलन बढेको छ ।

स्वदेशमा होस वा विदेशमा रहेका नेपालीले आफ्नो परिवारका सदस्यको जन्मदिनका अवसरमा फजुल खर्च कटाएर असहाय एवम् विपन्न आश्रित संस्थालाई सहयोग गर्ने भावना बढेको हो । पोखरा महानगरपालिका वडा नं. १५ स्थायी घर भई रोजगारीका सिलसिलामा हङकङमा रहनु भएका इन्द्रबहादुर र सुमिता थापामगरले आफ्नो छोरी आरुमा थापामगरको जन्मदिनको अवसर पारेर पोखरा बृद्धाश्रमलाई १८ हजार नगद आर्थिक सहयोग गर्नुभएको छ । पोखरा बृद्धाश्रममा आयोजित एक कार्यक्रमका बीच आरुमा थापालाई जन्मदिनको



शुभकामना व्यक्त गर्दै नेपाल मगर संघ गलेश्वर इकाईका अध्यक्ष मिना रानामगरले वृद्धाश्रमका अध्यक्ष कुशुम केशव पराजुलीलाई उक्त रकम हस्तान्तरण गर्नुभयो । समाजका विपन्न, असहाय एवम् परिवारबाट अपहेलित जेष्ठनागरिकलाई गास, वास र कपासको व्यवस्था गर्दै उनीहरुको जिवनको बुढेस कालको लौरो वनेको आश्रममा हाले जेष्ठनागरिक र सेवक सेविका गरि कूल ५६ जना रहेको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । आश्रम विभिन्न संघसंस्था तथा व्यक्तिको आर्थिक सहयोगबाट सञ्चालन हुदै आएको बताउँदै उहाँले भन्नुभयो स्थापनादेखि हालसम्म त आँट म पुऱ्याउँछु भन्ने युक्ति पूर्णरुपले लागु भएको छ । खानेकुरा भन्दा पनि बाबाआमालाई औषधि उपचारमा बढी खर्च हुने गरेको उहाँको भनाई छ ।

# दुलेगौडा-साखे सडक स्तरोन्नति सुरु दुलेगौडा-साखे सडक स्तरोन्नति सुरु

**पोखरापत्र संवाददाता**
दमौली, १६ बैशाख

यहाँको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा साखे सडक स्तरोन्नति सुरु गरिएको छ । शुक्लागण्डकी नगरपालिका र सडक बोर्डको साझेदारीमा उक्त सडक स्तरोन्नति सुरु गरिएको हो । सो सडकअन्तर्गत शुक्लागण्डकी नगरपालिका-८ ढोरबाराहीको बाराही खोलादेखि मान्द्रे खण्ड सडक स्तरोन्नति भइरहेको वडाध्यक्ष नारायण थापाले जानकारी दिनुभयो । रु १५ लाखमा उक्त खण्ड ढलान सुरु गरिएको उहाँले बताउनुभयो । यस खण्डमा १५० मिटर सडक ढलान हुनेछ । शनिबारदेखि उक्त सडकखण्डको बराहखोला कल्भर्ट, कुमारी बैङ्क अगाडि र भाटीको डिल खण्डमा सवारी आवागमन बन्द गरिएको छ । एक महिनासम्म उक्त बाटो बन्द हुने भएकाले वैकल्पिक सडक प्रयोग गर्न आग्रह गरिएको छ । त्यसैगरी भानु नगरपालिका-१२ स्थित भिसी शेरबहादुर सडकअन्तर्गत चन्द्रावती-घलेछाप सडकखण्ड स्तरोन्नति थालिएको छ । सङ्घीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालयको बजेटबाट स्तरोन्नति थालिएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु एक करोड बजेटमा उक्त खण्डअन्तर्गत ढुङ्गेधारा घुम्तीबाट ४७० मिटर कालोपत्रसहित आवश्यक संरचना निर्माण भइरहेको वडा सदस्य सुदीप केसीले जानकारी दिनुभयो । शहरी विकास मन्त्रालयको रु एक करोड बजेटबाट ४९० मिटर कालोपत्रसहित अन्य संरचना निर्माण गरिने केसीले जानकारी दिनुभयो । पूर्वाधार विकास कार्यालयमार्फत कार्यान्वयन भएको २० लाख बजेटबाट सुरुआती विन्दु चन्द्रावतीमा १८० घनमिटर ग्याबिन जाली र ५४ घनमिटर पक्की नाला निर्माण सम्पन्न भइसकेको छ । भानु नगरपालिकामार्फत ठेक्का लागेको र निर्माण पक्षले पटक-पटक समय थप गर्दासमेत काम नगरेकाले सुरुआती विन्दुबाट कुडुलेसम्मको ठेक्का तोडी रु ७५ लाखमा करिब ९५० मिटर कालोपत्र सुरु गरिएको केसीले बताउनुभयो । हाल भइरहेको ४७० मिटर कालोपत्र सम्पन्न हुन केही दिन लाग्ने जनाइएको छ । हाललाई माथिल्लो घलेछाप, ओख्ले, बयापानी जाने उपभोक्ताहरूले वैकल्पिक मार्ग चन्द्रावती-अर्चले-आरबाजेमार्फत यात्रा गर्न आग्रह गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा न. २८ सुके मैदान त्रिलोश्वर कोलाहपाट बिमिरापानी शिवमन्दिर संरक्षण उपभोक्ता समिति को कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरूको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः सुके मैदान त्रिलोश्वर कोलाहपाट बिमिरापानी शिवमन्दिर संरक्षण उपभोक्ता समिति
योजनाको कुल लागतः रू. ५,२६,३७७।५४
योजना सम्झौता मितिः २०८१/१२/२०
योजना सुरू हुने मितिः २०८१/१२/२१
योजना सम्पन्न हुने मितिः २०८२/०२/१०
योजना सम्पन्न मितिः २०८२/०१/१५
महानगरपालिका बाट प्राप्त हुने रकमः रू. ५,००,०००।
उपभोक्ता (जनसहभागिता)बाटः रू. २६,३७७।५४
उपभोक्ता समिति अध्यक्षः मनोहरी पौडेल

**सुके मैदान त्रिलोश्वर कोलाहपाट बिमिरापानी शिवमन्दिर संरक्षण उपभोक्ता समिति**
**पोखरा -२८, कास्की**


# मनमोहन स्मृति क्रिकेटः कोशी प्रदेश विजयी

**रासस**
मोरङ, १६ बैशाख

मनमोहन कप फाउण्डेशनको आयोजनामा विराटनगरमा जारी तेस्रो संस्करणको मनमोहन स्मृति एकदिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा कोशी प्रदेश विजयी भएको छ ।

विराटनगर-१९ वैजनाथपुर स्थित गिरिजाप्रसाद कोइराला अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा आज भएको 'बि' समूहको पहिलो लिग खेलमा कोशी प्रदेशले नेपाल पुलिस क्लबलाई ३७ रनले पराजित गरेको हो । टस हारेर पहिले ब्याटिङ गरेको कोशीले ५० ओभरको खेलमा २९ दशमलव तीन बलमा सबै विकेट गुमाइ ९३ रन बनायो । कोशीका रुपक बरालले २१ रन बनाउँदा मिनस थापा र सुमन गहतराले १५-१५ रन बनाए । पुलिसका सुनिल दौल्यानले आठ ओभरमा २५ रन दिएर पाँच विकेट लिएका थिए भने विपिन कार्की र चित्र विष्टले दुई-दुई विकेट लिए । जवाफमा ९४ रन पछ्याएको पुलिसले २४ दशमलव पाँच बलमा सबै विकेट गुमाइ ५६ रन मात्र बनायो । कोशीको जितमा प्रेम कामतले नौ ओभरमा १५ रन दिएर पाँच विकेट लिएका थिए । कामत 'प्लेयर अफ म्याच' भए । बुधबार समूह 'बि' को दोस्रो लिग खेल कोशी प्रदेश र भारतको आसाम क्लबबीच हुने आयोजक संस्थाका अध्यक्ष विप्लव घोषले जानकारी दिनुभयो ।